# खोपको ब्रेकथ्रु केसहरू के-के छन्?

## ट्रान्स्क्रिप्ट

*[उत्साहजनक सङ्गीत]*

*[वर्णन]*

तपाईंले सम्भवत खोपको ब्रेकथ्रु केस जस्ता शब्दावली सुनिरहनु भएको होला र तपाईंले तिनीहरू के हुन् र त्यसका अर्थ के हुन् बारे सोचिरहनु भएको होला।

ब्रेकथ्रु केसहरू त्यति बेला आउँछन् जब पूर्ण खोप लगाएका मानिसहरूमा फेरि कोभिड-19 परीक्षणको पोजिटिभ नतिजा आउँछ। यो सामान्य हो। कुनै खोप पनि 100% प्रभवकारी हुँदैन।

जति बढी मानिसहरू खोप लगाउँछन्, हामी त्यति ब्रेकथ्रु केसहरू देख्ने छौं।

भनौं, दश मानिसको एक समूहमा, नौ मानिसले खोप लगाएका छन् र एउटाले छैन। सबै दश मानिसलाई कोभिड-19 सर्छ र दुई मानिसको पोजिटिभ नतिजा आउँछ। एक खोप लगाएको र एक खोप नलगाएको।

आधी संक्रमणहरू ब्रेकथ्रु केसहरू भए तापनि, यो भ्रामक हुनसक्छ किनकी अन्य आठ खोप लगाएका मानिसहरू कोभिड-19 बाट बिरामी भएनन्।

ब्रेकथ्रु केसहरू बढी भेरीएन्टहरू यताउता गर्दा हुन्छन् तापनि, पूर्ण खोप लगाएका मानिसहरू वास्तवमा एकदम कम बिरामी हुन्छन् र अस्पताल भर्ना हुन्छन्, त्यसैले खोपहरूले काम गरिरहेका छन्!

सबैका लागि अस्पतालहरूमा पर्याप्त ओछ्यानहरू छन् र आकस्मिक सेवा आवश्यक पर्ने मानिसहरूले त्यो छिट्टै प्राप्त गर्न सक्छन् भन्ने सुनिश्चित गर्नु एकदमै महत्वपूर्ण हुन्छ।

खोप लागाउनु आफू र आफ्नो वरिपरिका मानिसहरूलाई कोभिड-19 बाट रक्षा गर्नु सबभन्दा उत्कृष्ट उपाय हो।

कोभिड-19 बारे थप जानकारीका लागि, मिनिसोटा डिपार्टमेन्ट अफ हेल्थको वेबसाइट हेर्नुहोस्: www.health.state.mn.us

*[उत्साहजनक सङ्गीत]*

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

9/8/21 (Nepali)

फरक ढाँचामा यो जानकारी प्राप्त गर्न, यो नम्बरमा कल गर्नुहोस्: 651-201-4989।